आ.व. ०७९।०८०
बैठक:- नगर कार्यपालिका बैठक
अध्यक्षता:- नगर प्रमुख **सन्तोष लाल श्रेष्ठ**

बैठक नं १०।०७९।०८०
मिति २०७९।१।२८ गते
स्थान:- ता.न.पा सभाहल
समय:- दिनको ११.०० बजे

तानसेन नगर कार्यपालिकाको बैठक तानसेन नगरपालिकाका नगर प्रमुख **श्री सन्तोष लाल श्रेष्ठ** ज्युको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

## उपस्थिति

| उपस्थिति | नाम थर | पद | ठेगाना | कार्यपालिका |
|---|---|---|---|---|
| | श्री सन्तोषलाल श्रेष्ठ | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष |
| | श्री प्रतिक्षा सिजाली | नगर उपप्रमुख | ता.न.पा. ४ | सदस्य |
| | श्री यादव सिंह कार्की | वडा अध्यक्ष (प्रवक्ता) | ता.न.पा.११ | सदस्य |
| | श्री सुनिल कुमार बस्याल | वडा अध्यक्ष | ता.न.पा. १ | सदस्य |
| | श्री महेश्वर श्रेष्ठ | वडा अध्यक्ष | ता.न.पा. २ | सदस्य |
| | श्री बज्र[illegible] शाक्य | वडा अध्यक्ष | ता.न.पा. ३ | सदस्य |
| | श्री हेमन्तराज शाक्य | वडा अध्यक्ष | ता.न.पा. ४ | सदस्य |
| | श्री राम बहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य |
| | श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा ६ | सदस्य |
| | श्री प्रदिप खनाल | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य |
| | श्री सोमनाथ अर्याल | वडा अध्यक्ष | ता.न.पा ८ | सदस्य |
| | श्री राजेश कुमार अर्याल | वडा अध्यक्ष | ता.न.पा ९ | सदस्य |
| | श्री हिमलाल पंगेनी | वडा अध्यक्ष | ता.न.पा १० | सदस्य |
| | श्री मेजर सिंह कार्की | वडा अध्यक्ष | ता.न.पा १२ | सदस्य |
| | श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य |
| | श्री शोभाखर भट्टराई | वडा अध्यक्ष | ता.न.पा १४ | सदस्य |
| | श्री लक्ष्मी नेपाल | कार्यपालिका सदस्य | ता.न.पा १ | सदस्य |
| | श्री मन्जु वि.क | कार्यपालिका सदस्य | ता.न.पा १ | सदस्य |
| | श्री सविता भट्टराई | कार्यपालिका सदस्य | ता.न.पा २ | सदस्य |
| | श्री पुजा रावल | कार्यपालिका सदस्य | ता.न.पा ५ | सदस्य |

नगरपालिका
तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

| | | | |
|---|---|---|---|
| श्री लक्ष्मी विश्वकर्मा | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| श्री दिनेश गन्धर्व | कार्यपालिका सदस्य | ता.न.पा. ६ | सदस्य |
| श्री संजय घले | कार्यपालिका सदस्य | ता.न.पा. ४ | सदस्य |
| श्री अनु रामदाम | कार्यपालिका सदस्य | ता.न.पा. १० | सदस्य |
| श्री जीवन ज्ञवाली | प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा.का | सचिव |
| श्री हरि ब. थापा क्षेत्री | वि.वि.व्य.अ. | ता.न.पा.४ | |
| श्री दर्ण बहादुर रोक्का | " | ता.न.पा.१२ | |

निर्णय नं. १

तानसेन नगरपालिका वडा नं. ३ स्थित मिलनसार कृषि उपज थोक बजार केन्द्रलाई म्याचिङ्ग गर्नुपर्ने रकम ता.न.पा.को कोभिड विषेश कार्यक्रम (UNDP) शिर्षकबाट निकासा दिने निर्णय गरियो ।

निर्णय नं. २

अन्य प्रदेशबाट आयात गरी यस नगरपालिका क्षेत्र भित्र विक्रि वितरणको लागि बिक्री केन्द्र स्थापना गरी राखिएका नदीजन्य पदार्थहरुमा आयात गर्दा तिरेको रोयल्टीको आधारमा रोयल्टी रकमको २५% शुल्क लगाउने निर्णय गरियो ।

निर्णय नं. ३

तानसेन नगरपालिका वडा नं. १३ स्थित ऐतिहासिक रानीमहल दरबारको रङ्ग रोगन र राष्ट्रपति रनिङ्गसिल कार्यक्रम संचालन गर्दाको नपुग रकम देहायको शिर्षकबाट भुक्तानी भएकोमा उक्त रकम अनुमोदन निर्णय गरियो ।

| क्र.श | कार्यक्रमको नाम | नपुग रकम | भुक्तानी दिने शिर्षक | कैफियत |
|---|---|---|---|---|
| १. | रानीमहल दरबारको रङ्ग रोगन | १३९१९९। | रानीमहल पूर्वाधार विकास तथा प्रवद्धनात्मक कार्यक्रम | |
| २. | राष्ट्रपति रनिङ्गसिल्ड कार्यक्रम | ३,६०,३४४ | स्वास्थ्यका लागि खेलकुद कार्यक्रम | |

निर्णय नं. ४

तानसेन नगरपालिका वडा नं. ५ कैलाशनगर स्थित श्रीनगर होटल अगाडी फुटेको ढल मर्मत तथा व्यवस्थापन गर्दाको ल.ई. बमोजिमको रकम रु. १,१३,०००। मर्मत सम्भार कोष शिर्षकबाट निकासा दिने निर्णय गरियो ।

निर्णय नं. ५

तानसेन नगरपालिका र नेपाल रेडक्रस सोसाईटी पाल्पाको लागत साझेदारीमा खरिद गरेको एम्बुलेन्सको न.पा.को तर्फबाट भुक्तानी हुन बाँकी रकम रु.१,८५,६८५। विपद् व्यवस्थापन कोष शिर्षकबाट निकासा दिने निर्णय गरियो ।

निर्णय नं. ६

पाल्पा दरबार परिसरको सरंचना हटाउँदा निस्कने वस्तुहरु वडा नं. ५ बतासेडाँडा स्थित त्रिभुवन क्याम्पसको जग्गा सिमाना र रानीमहल जाने बाटो तथा हाल निर्माण भएको अदुवा भण्डारण केन्द्रको पश्चिम तर्फको जग्गामा व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

अख्तियार दुरुपयोग अनुसन्धान आयोग टङ्गाल काठमाण्डौ र मातहतको कार्यालयबाट स्थानीय तहमा पर्ने उजुरीको सम्बन्धमा प्राप्त सुझाव बारे जानकारी गराईयो ।

निर्णय नं. ८

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय स्थानीय तह समन्वय शाखाको च.नं. ३०५ मिति २०७९।१०।२० र लुम्बिनी प्रदेश सरकार आर्थिक मामिला मन्त्रालय बजेट, योजना तथा कार्यक्रम महाशाखाको च.नं. ७१२ मिति २०७९।१२।०८ को बजेट रोक्का तथा खर्च कटौती सम्बन्धी जानकारी प्राप्त भयो ।

निर्णय नं. ९

तानसेन नगरपालिकाबाट यस अगाडी भएको निर्णयहरुको कार्यान्वयन अवस्था बारे छलफल तथा समीक्षा गरियो ।

निर्णय नं. १०

तानसेन नगरपालिकाको चालु आ.व.को हालसम्मको आय व्यय विवरण (आय रु ४६,२५,५०,०७९।५२ आम्दानी प्रतिशत ३८।७७ र व्यय रु. ३७,८६,३५,१७६।०३ व्यय ३१।७३ प्रतिशत) जानकारी भयो । सो विवरण स्वीकृत गरी सार्वजनिक गर्ने निर्णय गरियो ।

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख ।

जीवन ग्वाली
प्रमुख प्रशासकीय अधिकृत

तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

नगर प्रमुख

निर्णय नं. ११

तानसेन नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी मिलानको क्रममा श्री मण्डली माध्यमिक विद्यालय, तानसेन नगरपालिका १० मा प्राथमिक तह तृतीय श्रेणीमा कार्यरत स्थायी शिक्षक दृष्टिविहिन शिक्षक भएकाले प्राथमिक तहको लागि कायम भएको न्यूनतम ३ दरबन्दीमा १ दरबन्दी थप गरी ४ दरबन्दी कायम गरिएकोमा निज दृष्टिविहिन शिक्षक सिर्जना ढकालले निम्न माध्यमिक तहको नेपाली विषयको शिक्षक पदमा खुल्ला विज्ञापनबाट नवलपुर जिल्लाबाट नाम निकाली नियुक्ति समेत बुझिसकेको विद्यालय तथा शिक्षक सिर्जना ढकालबाट समेत मौखिक जानकारी प्राप्त भएकाले सिर्जना ढकाल दृष्टिविहिन भै थप गरेको प्राथमिक तहको १ अतिरिक्त दरबन्दी मण्डली माध्यमिक विद्यालयबाट कटौती गरी प्राथमिक तह सञ्चालित विद्यालयहरुमध्ये कक्षा १-५ मा सबैभन्दा बढी विद्यार्थी संख्या ९५ भएको तानसेन नगरपालिका ०९ स्थित तिन्टीआँप प्राथमिक विद्यालयमा थप गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

तानसेन नगरपालिका भित्रका खोला र खोल्साको वर्गीकरण गरि आगागी कार्यपालिका बैठकमा प्रतिवेदन पेश गर्न पूर्वाधार विकाश समितिका संयोजक श्री सुनिल कुमार बश्यालको संयोजकत्वमा गठित समितिलाई जिम्मादिने निर्णय गरियो।

निर्णय नं. १३

पाल्पा दरबार परिषरमा रहेको सटर ,कवल तथा भवनहरु हटाउदा कुनैपनि विकल्प नभई विस्थापित हुने व्यापारी तथा व्यवसायीहरुलाई निजले अर्को व्यवस्थापन गर्न नसक्दा सम्म बढीमा ६ महिनाको लागि ता.न.पा. वडा न. २ फूलबारीमा परिसरमा रहेका सटरहरु निशुल्क उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १४

पाल्पा दरबार परिषरका सटर, कवल तथा भवन हटाउदा विस्थापित हुने व्यापारीहरुलाई पहिलो प्राथमिकतामा राखी मटर उपलब्ध गराउने शर्त स्वीकार गरेमा अस्थाई सटर बनाउनेको हकमा लाग्ने दस्तुर शुल्कको ५०% पचास प्रतिशत छुट दिने निर्णय गरियो ।

निर्णय नं. १५

नेपाल सरकारले स्वीकृत गरेको पाठ्यक्रम अनुसार तानसेन नगरपालिका भित्रमा सामुदायिक विध्यालयको सबै पाठ्यक्रममा एकरुपता ल्याउने निर्णय गरियो ।

निर्णय नं. १६

तानसेन नगरपालिकाको समर्त अनुदान अन्तर्गत आधारभूत स्वास्थ्य केन्द्र निर्माणको लागि रू १९ लाख ४८ हजार रकम LMBIS मा स्वीकृत भई आएकोले तानसेन नगरपालिका वडा नं ८ को निर्माणाधीन आधारभूत स्वास्थ्य केन्द्रलाई पूर्णता दिने गरि आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. १७

नेपाल रेडक्रस सोसाइटी पाल्पा मार्फत रक्तसंचार सेवा संचालन ग्रुपिंग लगायतको कामको लागि ता.न.पाको नगर प्रवर्द्धनात्मक कार्यक्रम अन्तर्गत स्वास्थ्यकार्यक्रम बाट रू १ लाख विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. १८

तानसेन नगरपालिका वडा नं. १४ स्थित रिडि क्षेत्रमा माघेसक्रान्ती मेलाको समयमा उठेको रकम तथा खर्चका सम्वन्धमा तानसेन नगरपालिका नगर उप प्रमुख प्रतिक्षा गाहा सिंजाली ज्यूको संयोजकत्वमा देहाय बमोजिम हुने गरी समिति गठन गर्ने र उक्त समितिबाट प्राप्त प्रतिवेदन आगामी कार्यपालिका बैठकमा छलफलका लागि पेश गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| श्री प्रतिक्षा गाहा सिंजाली नगर उप प्रमुख | संयोजक |
| श्री राम प्रसाद श्रेष्ठ ई. (पूर्वाधार शाखा) | सदस्य |
| श्री कोशलराज घिमिरे ब.अ. (आ.प्र.शा) | सदस्य |

जीवन ग्वाली
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

तानसेन नगर कार्यपालिकाको कार्यालय तानसेन, पाल्पा लुम्बिनी प्रदेश, नेपाल २०७३

नगर प्रमुख

निर्णय नं. १९

तानसेन नगरपालिका र तानसेन नगरपालिकासंग सम्वन्धित विषयमा पर्ने मुद्धाका सम्वन्धमा कानून व्यवसायी मुकरर गर्ने, लिखित जवाफ पेश गर्ने, वारेस राख्ने लगायत मुद्धासंग सम्वन्धित सम्पुर्ण काम कार्वाही गर्नेगरी यस तानसेन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री जीवन ज्ञवालीलाई सम्पुर्ण अख्तियारी दिने निर्णय गरियो ।

नगर प्रमुख

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत